उपराष्ट्रपति

काठमाडौं, नेपाल

# गुरुनानक जयन्ती, २०८२ को शुभकामना सन्देश

सत्य, समानता र भ्रातृत्वको सन्देश बोकेको गुरुनानक जयन्ती (प्रकाश पर्व), २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण शिख समुदायसहित सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

प्रत्येक वर्ष कात्तिक शुक्ल पूर्णिमाका दिन शिख धर्मावलम्बीहरुले आफ्ना धर्मगुरु, गुरुनानक देवको जन्मजयन्तीलाई 'गुरु पूरब', 'गुरु पर्व' र 'प्रकाश वर्ष' को रूपमा अत्यन्तै श्रद्धा र भक्तिपूर्वक मनाउँने परम्परा रही आएको छ। गुरुनानकले सम्पूर्ण मानव जातिलाई 'एक ओमकारा', 'एक सतनाम' अर्थात् ईश्वर एउटै हुनुहुन्छ भन्ने सार्वभौम सत्यको सन्देश दिनुभयो।

गुरुनानक देवले दिनुभएको शिख धर्मको आधारभूत त्रिसूत्रीय सिद्धान्त :'इमानदारीपूर्वक परिश्रमले कमाऊ', 'लोभ-मोह त्यागेर ईश्वर/सत्यको स्मरण गर' र 'कमाएको धन एवं स्रोतलाई अरुसंग बाँडेर उपभोग गर' भन्ने जीवन सूत्र आज पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण छन्। यी जीवन सूत्रहरुले सच्चा र नैतिकवान जीवन कसरी जिउने भन्ने मार्गदर्शन गर्दछ।

गुरुद्वाराहरूमा गरिने पवित्र कीर्तन, दीप प्रज्वलन र सामूहिक रूपमा 'लंगर' मा प्रसाद ग्रहण गर्ने परम्पराले साम्प्रदायिक एकता, सहिष्णुता र सामाजिक समानतालाई प्रवर्द्धन गर्नमा सहयोग पुग्दछ। गुरुनानक जयन्तीले हामीलाई जात, धर्म र वर्गको भेद नगरी एकै पङ्क्तिमा बसेर सद्भावको सन्देश दिन्छ।

यस अवसरमा गरिने गुरु ग्रन्थ साहिबको पाठबाट प्राप्त हुने ज्ञानको उज्यालोले देश र समाजमा विद्यमान सम्पूर्ण विकृति, विसंगति र विभेदको अन्त्य गर्न प्रेरणा मिलोस्। गुरुनानक देवले देखाउनुभएको सत्यको मार्ग र परोपकारको भावनालाई हामी सबैले मन, वचन र कर्मले आत्मसात गर्न सक्नुपर्दछ।

अन्त्यमा, गुरुनानक जयन्तीले सम्पूर्ण नेपालीलाई शान्त, सौम्य र सभ्य समाज निर्माणमा जुट्न र राष्ट्रिय एकताको भावनालाई बलियो बनाउँदै समृद्ध मुलुक निर्माणको महाअभियानमा एकाग्रता र प्रतिबद्धताका साथ अगाडि बढ्न राष्ट्रिय प्रेमसहित सबैलाई उत्प्रेरित गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
२०८२ कात्तिक १९ गते बुधबार।
ने.सं. ११४६ कछलाथ्व, पूर्णिमा।

रामसहाय प्रसाद यादव
कार्यवाहक राष्ट्रपति